प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा,कपिलवस्तु

फोन नः ०७६-५५०४६८

पत्र संख्याः-०७८/०७९
चलानी नं. ३१५

मितिः- २०७९/०२/१६

विषयः विद्यार्थी स्टेम च्यालेन्ज प्रतियोगीता सम्बन्धमा ।

श्री सबै सामूदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु,
कपिलवस्तु ।

यस सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तुको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम बमोजिम जिल्ला स्थित सामूदायिक, संस्थागत माध्यमिक विद्यालयमा (कक्षा ९-१२) अध्ययनरत विद्यार्थीबीच देहायका विषयमा देहायको मिति र स्थानमा विद्यार्थी स्टेम च्यालेञ्ज प्रतियोगीता सञ्चालन गरिने भएकोले उक्त कार्यक्रममा माध्यमिक तहका छात्रछात्राहरुलाई विद्यार्थी निर्मित सामग्री सहित सहभागी गराइदिनु हुन सम्बद्ध सबै विद्यालयहरुलाई अनुरोध छ ।

**कार्यक्रमः**

१. प्राविधिक धार (कृषि, भेटेनरी, सिभिल इन्जीनियरिङ्, इलेक्ट्रिकल, कम्प्यूटर इन्जिनियरिङ आदि) ।
२. विज्ञान विषय
३. गणित विषय

**नोटः**

१. उल्लिखित ३ क्याटेगोरीबाट विद्यार्थी निर्मित सामग्रीको मूल्यांकन गरी देहायबमोजिम पुरस्कार र प्रमाणपत्र प्रदान गरीनेछः
   क. प्राविधिक धारतर्फ प्रथम रु ८०००/- द्वितीय रु ६०००/- तृतीय रु ४०००/- र सान्त्वना रु ३५००/- पुरस्कार र प्रमाण पत्र.
   ख. विज्ञान संकायतर्फ प्रथम रु ८०००/- द्वितीय रु ६०००/- तृतीय रु ४०००/- र सान्त्वना रु ३५००/- पुरस्कार र प्रमाण पत्र
   ग. गणित संकायतर्फ प्रथम रु ८०००/- द्वितीय रु ६०००/- तृतीय रु ४०००/- र सान्त्वना रु ३५००/- पुरस्कार र प्रमाण पत्र

सूर्य प्रसाद भुसाल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा,कपिलवस्तु

फोन नः ०७६-५५०४६८

२. छात्रछात्राहरुले आफूले अध्ययन गर्ने प्राविधिक विषय, विज्ञान र गणित मध्ये कुनै एक वा बढी विषय को कुनै सिद्धान्त, अभ्यास वा धारणामा आधारित भएर कुनै सिर्जना, रचना, सामग्री, आफै निर्माण गरी त्यसको प्रयोग, महत्व र उपयोगीताको बारेमा छोटो प्रस्तुति गर्नु पर्ने छ। (जस्तैः गुलेली, बेलुनको रकेट, भुरुङ नचाउने, कागजको फूल, रासायनिक प्रतिक्रिया, साधारण यन्त्रहरु, नवीन प्रविधिहरु आदि।)
३. विद्यार्थीका मौलिक रचना र सिर्जनामा आधारित र अनुसन्धानात्मक कार्यलाई प्राथमिकता दिइनेछ।
४. एक विद्यालयबाट एउटा विधामा बढीमा २ जना विद्यार्थीले एकल वा संयुक्त रुपमा सहभागी हुन सक्ने छन्।
५. सहभागी हुने विद्यार्थीले प्रतियोगीता सञ्चालन हुने दिन भन्दा एक दिन अगाडी आफ्नो नाम दर्ता गराउनु पर्ने छ।
६. नाम दर्ता गराउदा टेलिफोन र इमेलबाट पनि दर्ता गराउन सकिने छ।

**सम्पर्कः** शिशिर प्रसाद अर्याल प्र.अ. गौतमबुद्ध मा.वि.
मोबाइल नं. ९८४८७९०१००
Mail –sddokapilvastu2019@gmail.com

**कार्यक्रम सञ्चालन स्थानः**

स्थानः गौतमबुद्ध मा.वि. बुद्धभूमी-२ गोरुसिङ्गे,
मितिः २०७९/०२/२७ गते शुक्रवारर
समयः विहान १०.३० देखि

**बोधार्थः**

श्री सबै स्थानीय तहहरु कपिलवस्तु।
कक्षा ९-१२ सञ्चालन भएका तहाँ पालिका भित्रका विद्यालयहरुलाई जानकारी गराइदिनु हुन।

सूर्य प्रसाद भुसाल
कार्यालय प्रमुख

सूर्य प्रसाद भुसाल
कार्यालय प्रमुख